विधेयक संख्याः

# प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

प्रदेश सभा भवन

कर्णाली प्रदेश, सुर्खेत

## उद्देश्य र कारण

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ अनुकूल बनाउन, सो ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट गर्न र स्थानीय तहमा रिक्त पद पूर्ति गरी सेवाप्रवाह र विकास निर्माणलाई प्रभावकारी बनाउन "प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गरेको छु।

(जीवनबहादुर शाही)

मुख्यमन्त्री

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

कर्णाली प्रदेश।

## आर्थिक टिप्पणी

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीलाई कार्यालय समयभन्दा अघिपछि आयोगको काममा लगाउनु परेमा वा अन्य कुनै व्यक्तिलाई आयोगसँग सम्बन्धित कुनै विशेष काममा लगाउनु परेमा कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई कर्णाली प्रदेश सरकारले स्वीकृत गरे बमोजिमको सुविधा दिन सकिने र कर्णाली प्रदेश सरकारबाट आयोगको लागि विनियोजन हुने बजेटको विविध शीर्षक अन्तर्गतको रकम प्रचलित कानून बमोजिम खर्च गर्न सक्ने व्यवस्था समेत प्रस्ताव गरिएको हुँदा प्रस्तुत विधेयकको कार्यान्वयनबाट कर्णाली प्रदेश सरकारलाई सालबसाली रुपमा आर्थिक व्ययभार पर्ने देखिन्छ।

(जीवनबहादुर शाही)

मुख्यमन्त्री

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

कर्णाली प्रदेश।

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा प्रस्ताव भएको

<u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी</u>

| क्र.सं. | विधेयकको दफा/उपदफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा १४ को उपदफा (३) र (६) | पाठ्यक्रम निर्धारण समितिको संरचना र पाठ्यक्रम निर्माण तथा परीक्षण सम्बन्धी अन्य कार्यविधिगत व्यवस्था नियमावलीमा तोक्न। | पाठ्यक्रम निर्धारण समितिको संरचना र पाठ्यक्रम निर्माण तथा परीक्षण सम्बन्धी अन्य कार्यविधि नियमावलीमा तोकिने। | पाठ्यक्रम निर्धारण समिति गठन हुने र पाठ्यक्रम निर्माण तथा परीक्षण सम्बन्धी कार्यविधि तोकिई परीक्षा सञ्चालनमा सहयोग हुने। |
| २. | दफा १७ को उपदफा (२) | पदपूर्तिको माग सम्बन्धी अन्य कार्यविधिगत व्यवस्था नियमावलीमा तोक्न। | पदपूर्तिको माग सम्बन्धी अन्य कार्यविधिगत व्यवस्था नियमावलीमा तोकिने। | पदपूर्ति गर्दा अवलम्बन गरिने प्रकृयाहरु स्पष्ट भई पदपूर्तिका लागि सहज हुने। |
| ३. | दफा २७ को उपदफा (१०) | प्रश्नपत्र निर्माण सम्बन्धी कार्यविधिगत व्यवस्था नियमावलीमा तोक्न। | प्रश्नपत्र निर्माण सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने। | प्रश्नपत्र निर्माण गर्दा अवलम्बन गरिने प्रकृयाहरु स्पष्ट भई परीक्षा सञ्चालन सरल र सहज हुने। |
| ४. | दफा ४२ को उपदफा (१) | अन्तर्वार्तामा उम्मेदवारको मूल्याङ्कन गर्ने फारमको ढाँचा नियमावलीमा तोक्न। | अन्तर्वार्तामा उम्मेदवारको मूल्याङ्कन गर्नको लागि फारमको ढाँचा नियमावलीमा तोकिने। | अन्तर्वार्तामा उम्मेदवारको मूल्याङ्कन गर्ने फारमको ढाँचा तोकिई परीक्षाको निष्पक्ष नतिजा प्रकाशनमा सघाउ पुग्ने। |
| ५. | दफा ४६ को उपदफा (६) | योग्यताक्रमको सूची प्रकाशन सम्बन्धी प्रकृयागत व्यवस्था नियमावलीमा राख्न। | योग्यताक्रमको सूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने। | योग्यताक्रमको सूची प्रकाशन गर्दा अवलम्बन गरिने प्रकृयाहरु स्पष्ट भई नतिजा प्रकाशनमा सघाउ पुग्ने। |

<u>व्याख्यात्मक टिप्पणी</u>

नेपालको संविधानको धारा २४४ ले प्रदेश लोक सेवा आयोगको व्यवस्था गरे बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामूखी बनाउने उद्देश्यले मिति २०७६।२।२६ देखि कार्यान्वयनमा रहेको प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ अनुकूल बनाउन, सो ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट गर्न र स्थानीय तहमा रिक्त पद पूर्ति गरी सेवाप्रवाह र विकास निर्माणलाई प्रभावकारी बनाउन प्रस्तुत प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गरिएको हुँदा प्रचलित ऐनमा भएको व्यवस्थाभन्दा उल्लेखनीय व्यवस्था नभएकोले थप व्याख्या गर्नु पर्ने आवश्यकता नदेखिएको हुँदा सोही व्यहोरा पेश गरेको छु।

(जीवनबहादुर शाही)

मुख्यमन्त्री

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

कर्णाली प्रदेश।

# प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) ऐन, २०७८" रहेको छ।

(२) यो ऐन सम्वत् २०७८ साल फागुन २९ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. **प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को प्रस्तावनामा संशोधनः** प्रदेश लोक सेवा आयोग ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "प्रदेश सभा सेवा" भन्ने शब्दहरु झिकी सोही प्रस्तावनामा रहेका "स्थानीय सेवाको" भन्ने शब्दहरुको सट्टा "स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल ऐनको दफा २ मा संशोधन:** मूल ऐनको दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-

"२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले कानून बमोजिम प्रदेश सेवाको पदमा नियुक्ति गर्न वा विभागीय सजाय गर्न सक्ने अधिकारी सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ग) "आयोग" भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "नजिकको नातेदार" भन्नाले बाबु, आमाको तीन पुस्ताभित्रको नातेदार सम्झनु पर्छ र सो शब्दले सासु-ससुरा, पति-पत्नी, छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, अमाजू, नन्द, जेठाजु-जेठानी, देवर-देउरानी, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाई, मामा-माइजू, फुपु-फुपाजू, जेठी सासू, साढु दाई-साढु भाई, जेठान, जेठान दिदि, साला-साली, सालाको पत्नी, मित-मितिनी, धर्मपुत्र-धर्मपुत्री र तिनका छोराछोरीलाई समेत जनाउँछ।

(च) "प्रदेश अन्य सरकारी सेवा" भन्नाले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा बाहेकका प्रदेश कानूनद्वारा गठन भएका प्रदेश सरकारका अन्य सेवा सम्झनु पर्छ।

(छ) "प्रदेश निजामती सेवा" भन्नाले प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र प्रदेश निजामती सेवाको पद होइन भनी प्रदेश कानूनद्वारा तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा सम्झनु पर्छ।

(ज) "प्रदेश प्रहरी सेवा" भन्नाले प्रदेश कानूनद्वारा गठन भएको प्रदेश प्रहरी सेवा सम्झनु पर्छ।

(झ) "प्रदेश सेवा" भन्नाले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ।

(ञ) "प्रदेश सङ्गठित संस्था" भन्नाले प्रदेश विश्वविद्यालय सेवा र प्रदेश शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।

(ट) "लोक सेवा आयोग" भन्नाले संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोग सम्झनु पर्छ।

(ठ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शव्दले आयोगको अध्यक्षलाई समेत जनाउँछ।

(ड) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ढ) "स्थानीय सरकारी सेवा" भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाले कानून बमोजिम गठन गरेको सरकारी सेवा सम्झनु पर्छ।

(ण) "स्थानीय तहको सङ्गठित संस्थाको सेवा" भन्नाले स्थानीय तहमा स्थानीय कानून बमोजिम गठन भएका सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ।

(त) "सिद्धान्त" भन्नाले आयोगबाट जारी भएको प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्त र प्रदेश सेवाको पदमा नियुक्ति बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्त सम्झनु पर्छ।"

४. <u>मूल ऐनमा दफा ३क. थपः</u> मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. <u>शपथः</u> आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रदेश प्रमुख समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूचीको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।"

५. <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> मूल ऐनको दफा ४ को दफा शिर्षक र सोही दफाको उपदफा (१) मा रहेको "आधार" भन्ने शब्दको सट्टा "अवस्था" भन्ने शब्द राखिएको छ।

६. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u> मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. <u>आयोगको काम, कर्तव्य र अधिकारः</u> (१) प्रदेश सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(४) प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(५) प्रदेश सेवाको पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

(६) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) प्रदेश सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ग) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, र

(घ) प्रदेश निजामती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।"

७. <u>मूल ऐनको दफा ८ मा संशोधन</u>: मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश आयोगको" भन्ने शब्दहरुको सट्टा "आयोगको" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को ठाउँ ठाउँमा रहेका "प्रदेश आयोग" भन्ने शब्दहरुको सट्टा "आयोग" भन्ने शब्द राखिएको छ।

(३) उपदफा (३) मा रहेका "प्रदेश आयोगको" भन्ने शब्दहरुको सट्टा "आयोगको" भन्ने शब्द राखिएको छ।

८. <u>मूल ऐनको दफा ९ मा संशोधन</u>: मूल ऐनको दफा ९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा आयोगको वरिष्ठतम् सदस्यले बैठकको अध्यक्षता गर्नेछ।"

९. <u>मूल ऐनको दफा ११ मा संशोधन</u>: मूल ऐनको दफा ११ मा रहेका "संविधानको धारा १०१ को उपधारा (६) बमोजिमको अवस्था परी निजले कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरुको सट्टा "दफा ४ को उपदफा (२) बमोजिम निज विरुद्ध आरोपको प्रस्ताव पेश भई सोही दफाको उपदफा (६) बमोजिम प्रदेश सभाबाट निर्णय नभएसम्म" भन्ने शब्दहरु राखिएका छन्।

१०. <u>मूल ऐनको दफा १३ मा संशोधन</u>: मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेका "प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, अन्य प्रदेश सरकारी सेवा, स्थानीय सरकारी सेवा र सङ्गठित संस्थामा" भन्ने शब्दहरुको सट्टा "प्रदेश सेवामा" भन्ने शब्दहरु राखिएका छन्।

११. <u>मूल ऐनको दफा १४ मा संशोधन</u>: मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश निजामती सेवा" भन्ने शब्दहरुको सट्टा "प्रदेश सेवा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) मा रहेको "आयोगले" भन्ने शब्द पछि "तोकिए बमोजिम" भन्ने शब्दहरु थपिएका छन्।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) पाठ्यक्रम निर्माण र परीक्षण सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।"

१२. **मूल ऐनको दफा १५ मा संशोधनः** मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्दा लिखित परीक्षाको अतिरिक्त पदको कार्य प्रकृति बमोजिम आयोगले देहायको कुनै एक वा एकभन्दा बढी परीक्षाको तरिका अपनाउन सक्नेछः-

(क) प्रयोगात्मक परीक्षा,

(ख) सीप परीक्षण,

(ग) अन्तर्वार्ता, र

(घ) आयोगले समय समयमा तोकेका अन्य तरिका।"

१३. **मूल ऐनको दफा १७ मा संशोधनः** मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश निजामती सेवाको" भन्ने शब्दहरुको सट्टा "प्रदेश सेवाको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "आयोगले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरुको सट्टा "तोकिए बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

१४. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को,-

(१) उपदफा (६) झिकिएको छ।

(२) उपदफा (९) पछि देहायको उपदफा (१०) थपिएको छः-

"(१०) प्रश्नपत्र निर्माण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१५. **मूल ऐनको दफा ३९ मा संशोधनः** मूल ऐनको दफा ३९ को उपदफा (३) मा रहेका "एक महिना" भन्ने शब्दहरूको सट्टा "दुई महिना" भन्ने शब्दहरु राखिएका छन्।

१६. **मूल ऐनको दफा ४२ मा संशोधनः** मूल ऐनको दफा ४२ को,-

(१) उपदफा (१) मा रहेका "आयोगले निर्धारण गरे बमोजिमको" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "पन्ध्र प्रतिशत" भन्ने शब्दहरूको सट्टा "बीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) अन्तर्वार्ता समितिको कुनै सदस्यले कारण खुलाई कुनै उम्मेदवारलाई उपदफा (५) बमोजिम सत्तरी प्रतिशत भन्दा बढी वा चालीस प्रतिशत भन्दा घटी अङ्क प्रदान गरेको अवस्थामा अन्तर्वार्ता समितिको पचास प्रतिशत भन्दा बढी सदस्यले कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ। त्यसरी कारण नखुलाएको अवस्थामा बढीमा सत्तरी प्रतिशत र घटीमा चालीस प्रतिशत अङ्क मानी गणना गरिनेछ।"

१७. **मूल ऐनको दफा ४६ मा संशोधनः** मूल ऐनको दफा ४६ को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सभा सेवा, स्थानीय सेवा तथा प्रदेशका अन्य सरकारी सेवामा" भन्ने शब्दहरु को सट्टा "प्रदेश सेवामा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (६) मा रहेका "आयोगले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

१८. <u>मूल ऐनको दफा ५० मा संशोधनः</u> मूल ऐनको दफा ५० को उपदफा (२) मा रहेका "राजपत्र अनङ्कित" भन्ने शब्दहरुको सट्टा "सहायक स्तर" भन्ने शब्दहरु राखिएका छन्।

१९. <u>मूल ऐनको दफा ५३ मा संशोधनः</u> मूल ऐनको दफा ५३ को उपदफा (३) मा रहेका "बढीमा छ महिनासम्मको लागि" भन्ने शब्दहरुको सट्टा "बढीमा एक वर्षसम्मको लागि" भन्ने शब्दहरु राखिएका छन्।

२०. <u>मूल ऐनको दफा ५४ मा संशोधनः</u> मूल ऐनको दफा ५४ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सेवाको पदमा, नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिंदा सो सम्बन्धमा आयोगले जारी गरेको सिद्धान्त बमोजिम सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा सम्पर्क मन्त्रालय मार्फत माग गर्नु पर्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा आयोगको परामर्श लिंदा सेवा शर्त सम्बन्धी प्रचलित कानूनमा तोकिएको प्रक्रिया पूरा गरी सजाय गर्ने अधिकारीको निर्णय सहित सक्कलै फाइल आयोगमा पठाउनु पर्नेछ।"

२१. <u>मूल ऐनको दफा ५५ मा संशोधनः</u> मूल ऐनको दफा ५५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको शर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिंदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् लिनुपर्नेछ।"

(२) उपदफा (३) मा रहेका "नेपाल सरकारका" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकारका" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको शर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिंदा सो सम्बन्धमा आयोगले जारी गरेको सिद्धान्त बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् लिनु पर्नेछ।"

२२. <u>मूल ऐनको दफा ५७ मा संशोधनः</u> मूल ऐनको दफा ५७ को सट्टा देहायको दफा ५७ राखिएको छः-

"५७. <u>आयोगले परामर्श दिनेः</u> (१) आयोगले यस ऐन बमोजिम परामर्श दिंदा यस परिच्छेदमा उल्लेख भएको प्रक्रिया पूरा भएमा मात्र दिनेछ।

(२) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाका पदको सेवा शर्त सम्बन्धी कानूनको विषयमा तथा त्यस्तो निकाय, संस्थाका कर्मचारीलाई विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा परामर्श दिने प्रयोजनका लागि आयोगले सम्बन्धित निकाय र कर्मचारीको सेवाको प्रकृति अनुसार समान वा छुट्टाछुट्टै लागू हुने गरी सिद्धान्त निर्धारण गर्न सक्नेछ।"

२३. <u>**मूल ऐनको दफा ६४ मा संशोधन**</u>: मूल ऐनको दफा ६४ को,-

(१) उपदफा (१) को खण्ड (छ) मा रहेका "एकलाख रुपैयाँसम्म जरिवानाका अतिरिक्त" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (३) मा रहेका "निजामती, सुरक्षा निकाय, अन्य प्रदेश सरकारी सेवा, स्थानीय सेवा वा सङ्गठित संस्थाका" भन्ने शब्दहरुको सट्टा "प्रदेश सेवा, प्रदेश प्रहरी सेवा, नेपाल सरकारको सेवा वा संविधानको धारा २४३ को उपधारा (२) बमोजिमको सङ्गठित संस्थाका" भन्ने शब्दहरु राखिएका छन्।

२४. <u>**मूल ऐनको दफा ६७ मा संशोधन**</u>: मूल ऐनको दफा ६७ मा रहेका "स्थानीय सेवा" भन्ने शब्दहरुको सट्टा "स्थानीय सरकारी सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवा" भन्ने शब्दहरु राखिएका छन्।

२५. <u>**मूल ऐनको दफा ६८ मा संशोधन**</u>: मूल ऐनको दफा ६८ को ठाउँ ठाउँमा रहेको "संघीय" भन्ने शब्द झिकिएको छ।

२६. <u>**मूल ऐनको दफा ६९ मा संशोधन**</u>: मूल ऐनको दफा ६९ को सट्टा देहायको दफा ६९ राखिएको छः-

"६९. <u>राय तथा सुझाव लिन सक्नेः</u> (१) आयोगले आफ्नो काम कारबाही सञ्चालनका सम्बन्धमा प्रदेश सरकारको मन्त्रालय वा निकाय, प्रदेश सङ्गठित संस्था, स्थानीय तह तथा स्थानीय तहको सङ्गठित संस्थासँग राय तथा सुझाव लिन सक्नेछ।

(२) आयोगले आफ्नो काम कारबाहीसँग सम्बन्धित कानूनी प्रश्नको सम्बन्धमा मुख्य न्यायाधिवक्ताको राय लिन सक्नेछ।"

२७. <u>**मूल ऐनमा दफा ६९क. थपः**</u> मूल ऐनमा दफा ६९ पछि देहायको दफा ६९क. थपिएको छः-

"६९क. <u>प्रतिरक्षाः</u> आयोगले आफ्नो तर्फबाट कुनै अड्डा अदालतमा मुद्दा चलाउन वा निवेदन दिन वा त्यसको लागि आवश्यक लिखत तयार गर्न, प्रतिरक्षा गर्न वा आयोग विरूद्ध कसैले कुनै कानूनी कारबाही चलाएमा वा मुद्दा दायर गरेमा लिखित जवाफ वा प्रतिउत्तर दिन वा प्रतिरक्षा गर्न आयोगले मुख्य न्यायाधिवक्तालाई लेखी पठाउन सक्नेछ। त्यसरी लेखी आएमा मुख्य न्यायाधिवक्ताले आवश्यक सहयोग र प्रतिरक्षा गर्नेछ।"

२८. <u>**मूल ऐनको दफा ७२ मा संशोधन**</u>: मूल ऐनको दफा ७२ को,-

(१) उपदफा (१) मा रहेका "दक्ष, विशेषज्ञ वा कर्मचारीको नातेदार" भन्ने शब्दहरुको सट्टा "दक्ष, विज्ञ, विशेषज्ञ वा कर्मचारीको नजिकको नातेदार" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "हुनु अगाडि" भन्ने शब्दहरु पछि रहेको "जानकारी" भन्ने शब्द झिकिएको छ।

(२) उपदफा (२) मा रहेको "सगोलको" भन्ने शब्दको सट्टा "नजिकको" भन्ने शब्द राखिएको छ।

२९. <u>मूल ऐनको दफा ८० मा संशोधन</u>: मूल ऐनको दफा ८० को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश सरकारको" भन्ने शब्दहरु पछि "अधिकृत स्तरको" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपदफा (३) मा रहेका "परीक्षा मध्ये" भन्ने शब्दहरु पछि "लिखित परीक्षा र अन्तर्वार्ता बाहेकका शारीरिक तन्दुरुस्ती परीक्षण, स्वास्थ्य परीक्षण लगायतका" भन्ने शब्दहरु थपिएका छन्।

३०. <u>मूल ऐनमा दफा ८२क. र ८२ख. थप</u>: मूल ऐनको दफा ८२ पछि देहायका दफा ८२क. र ८२ख. थपिएका छन्:-

"८२क. <u>थप सुविधा दिन सकिने</u>: आयोगका पदाधिकारी वा कर्मचारीलाई कार्यालय समयभन्दा अघिपछि आयोगको काममा लगाउनु परेमा वा अन्य कुनै व्यक्तिलाई आयोगसँग सम्बन्धित कुनै विशेष काममा लगाउनु परेमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रदेश सरकारले स्वीकृत गरे बमोजिमको सुविधा दिन सकिनेछ।

८२ख. <u>स्वीकृति लिनु नपर्ने</u>: प्रदेश सरकारले आयोगको लागि बजेटमा छुट्याएको विविध शीर्षक अन्तर्गतको रकम खर्च गर्नु पर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्ने छैन र आयोगले त्यस्तो रकम प्रचलित कानून बमोजिम खर्च गर्न सक्नेछ।"

३१. <u>मूल ऐनमा अनुसूची थप</u>: मूल ऐनको अन्तमा यसैसाथ संलग्न अनुसूची थपिएको छ।

"अनुसूची

(दफा ३क. सँग सम्बन्धित)

**पद तथा गोपनीयताको शपथको ढाँचा**

म ................................. मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश लोक सेवा आयोगको अध्यक्ष/सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा कानूनको पालना गर्दा बाहेक अरु जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।"

नामः हस्ताक्षरः

पदः मितिः

## प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

## तिन महले विवरण

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १. | प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को प्रस्तावना | प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सभा सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,<br>कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ। | <u>**प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को प्रस्तावनामा संशोधनः**</u> प्रदेश लोक सेवा आयोग ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "प्रदेश सभा सेवा" भन्ने शब्दहरु झिकी सोही प्रस्तावनामा रहेका "स्थानीय सेवाको" भन्ने शब्दहरुको सट्टा "स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको" भन्ने शब्दहरु राखिएका छन्। | प्रदेश सभा सेवाको औचित्य नरहेको र स्थानीय सेवालाई थप स्पष्ट गर्नुपर्ने भएको। |
| २. | दफा २ | <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–<br>(क) “अख्तियारवाला” भन्नाले कानूनबमोजिम प्रदेश सेवाको पदमा नियुक्ति गर्न वा विभागीय सजाय गर्न सक्ने अधिकारी सम्झनु पर्छ।<br>(ख) “अध्यक्ष” भन्नाले प्रदेश लोक सेवा आयोगको अध्यक्ष सम्झनु पर्छ।<br>(ग) “आयोग” भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।<br>(घ) नजिकका “नातेदार” भन्नाले प्राकृतिक व्यक्तिको बाबु, आमाको चार पुस्ता भित्रको नातेदार सम्झनु पर्छ। सो शब्दले सासु ससुरा, पति, पत्नी तथा छोरा–छोरी, दाजु–भाई, दिदी–बहिनी, भाउजू–बुहारी, आमाजू, नन्द, जेठाजु, देवर, जेठानी, देउरानी, काका–काकी, ठूलोबुबा–ठूलीआमा, सानाबा–सानीआमा, भतिजा–भतिजी, भाञ्जा–भाञ्जी, भिनाजु–ज्वाइ, मामा–माइजू, फुपु–फुपाजू, जेठी सासू, साढु दाइ, साढु भाइ, साला–साली, मित, मितिनि, धर्मपुत्र, धर्मपुत्री र तिनका छोराछोरीसमेतलाई सम्झनु पर्छ।<br>(च) “प्रदेश अन्य सरकारी सेवा” भन्नाले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा बाहेकका प्रदेश कानून बमोजिम गठन | <u>**मूल ऐनको दफा २ मा संशोधनः**</u> मूल ऐनको दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-<br>"२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-<br>(क) "अख्तियारवाला" भन्नाले कानून बमोजिम प्रदेश सेवाको पदमा नियुक्ति गर्न वा विभागीय सजाय गर्न सक्ने अधिकारी सम्झनु पर्छ।<br>(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।<br>(ग) "आयोग" भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।<br>(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।<br>(ङ) "नजिकको नातेदार" भन्नाले बाबु, आमाको तीन पुस्ताभित्रको नातेदार सम्झनु पर्छ र सो शब्दले सासु-ससुरा, पति-पत्नी, छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, अमाजू, नन्द, जेठाजु-जेठानी, देवर-देउरानी, काका-काकी, | प्रदेश सभा सेवाको औचित्य नभएको, सिद्धान्त, प्रदेश सेवा लगायतका शब्दहरुलाई समेत परिभाषित गर्न र कानून तर्जुमाको दृष्टिकोणबाट मिलाउनु पर्ने भएको। |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | भएका अन्य सरकारी सेवा सम्झनु पर्छ।<br>(छ) "प्रदेश निजामती सेवा" भन्नाले प्रदेश प्रहरीको सेवा र प्रदेश अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानूनद्वारा तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा सम्झनु पर्छ।<br>(ज) "प्रदेश प्रहरी सेवा" भन्नाले प्रदेश कानूनद्वारा गठन भएको प्रदेश प्रहरी सेवालाई सम्झनु पर्छ।<br>(झ) "प्रदेश सभा" भन्नाले संविधानको धारा १७५ बमोजिमको प्रदेश सभा सम्झनु पर्छ।<br>(ञ) "प्रदेश सेवाका पद" भन्नाले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित सेवा, प्रदेश प्रहरी सेवा र स्थानीय सेवाको पद सम्झनु पर्छ।<br>(ट) "प्रदेश सङ्गठित संस्था" भन्नाले प्रदेश विश्वविद्यालय सेवा र प्रदेश शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानूनबमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।<br>(ड) "प्रदेश सभा सेवा" भन्नाले प्रदेश कानूनद्वारा गठित प्रदेश सभा सेवा सम्झनु पर्छ।<br>(ढ) "लोक सेवा आयोग" भन्नाले संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोग सम्झनु पर्छ।<br>(ण) "सदस्य" भन्नाले प्रदेश लोक सेवा आयोगको सदस्य सम्झनु पर्छ।<br>(त) "स्थानीय सरकारी सेवा" भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम कानूनद्वारा गठन हुने स्थानीय सेवा सम्झनु पर्छ।<br>(थ) "स्थानीय तहको सङ्गठित संस्थाको सेवा" भन्नाले स्थानीय तहमा स्थानीय कानून बमोजिम गठन भएका स्थानीय तहको सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ। | ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाई, मामा-माइजू, फुपु-फुपाजू, जेठी सासू, साढु दाइ-साढु भाई, जेठान, जेठान दिदि, साला-साली, सालाको पत्नी, मित-मितिनी, धर्मपुत्र-धर्मपुत्री र तिनका छोराछोरीलाई समेत जनाउँछ।<br>(च) "प्रदेश अन्य सरकारी सेवा" भन्नाले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा बाहेकका प्रदेश कानूनद्वारा गठन भएका प्रदेश सरकारका अन्य सेवा सम्झनु पर्छ।<br>(छ) "प्रदेश निजामती सेवा" भन्नाले प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र प्रदेश निजामती सेवाको पद होइन भनी प्रदेश कानूनद्वारा तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा सम्झनु पर्छ।<br>(ज) "प्रदेश प्रहरी सेवा" भन्नाले प्रदेश कानूनद्वारा गठन भएको प्रदेश प्रहरी सेवा सम्झनु पर्छ।<br>(झ) "प्रदेश सेवा" भन्नाले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ।<br>(ञ) "प्रदेश सङ्गठित संस्था" भन्नाले प्रदेश विश्वविद्यालय सेवा र प्रदेश शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै | |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | (द) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ। | प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।<br>(ट) "लोक सेवा आयोग" भन्नाले संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोग सम्झनु पर्छ।<br>(ठ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शव्दले आयोगको अध्यक्षलाई समेत जनाउँछ।<br>(ड) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।<br>(ढ) "स्थानीय सरकारी सेवा" भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाले कानून बमोजिम गठन गरेको सरकारी सेवा सम्झनु पर्छ।<br>(ण) "स्थानीय तहको सङ्गठित संस्थाको सेवा" भन्नाले स्थानीय तहमा स्थानीय कानून बमोजिम गठन भएका सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ।<br>(त) "सिद्धान्त" भन्नाले आयोगबाट जारी भएको प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्त र प्रदेश सेवाको पदमा नियुक्ति बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्त सम्झनु पर्छ।" | |
| ३. | दफा ३क. | हाल व्यवस्था नभएको। | <u>मूल ऐनमा दफा ३क. थपः</u> मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-<br>"३क. <u>शपथः</u> आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रदेश प्रमुख समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूचीको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।" | कानून तर्जुमागत दृष्टिकोणबाट मिलाउनु पर्ने भएको। |
| ४. | दफा ४ | <u>पद रिक्त हुने आधारः</u> (१) देहायको आधारमा आयोगको अध्यक्ष र सदस्यको पद रिक्त हुनेछः-<br>(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा, | <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> मूल ऐनको दफा ४ को दफा शिर्षक र सोही दफाको उपदफा (१) मा रहेको "आधार" भन्ने | कानून तर्जुमागत दृष्टिकोणबाट मिलाउनु पर्ने |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | (ख) निजको उमेर पैसट्ठी वर्ष पूरा भएमा,<br>(ग) उपदफा (६) बमोजिम पदमुक्त भएमा,<br>(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसको आधारमा उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,<br>(ङ) निजको मृत्यु भएमा। | शब्दको सट्टा "अवस्था" भन्ने शब्द राखिएको छ। | भएको। |
| ५. | दफा ६ | <u>**आयोगको काम, कर्तव्य र अधिकारः**</u> (१) प्रदेश निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।<br>(२) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।<br>(३) प्रदेश प्रहरी, र अन्य प्रदेश सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।<br>(४) कुनै सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाको शर्तसम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।<br>(५) प्रदेश सेवाको पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।<br>(६) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः–<br>(क) प्रदेश निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा,<br>(ख) प्रदेश निजामती सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,<br>(ग) प्रदेश निजामती सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,<br>(घ) कुनै एक प्रकारको प्रदेश निजामती सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती | ७. <u>**मूल ऐनको दफा ६ मा संशोधनः**</u> मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-<br>"६. <u>**आयोगको काम, कर्तव्य र अधिकारः**</u> (१) प्रदेश सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।<br>(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।<br>(३) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।<br>(४) प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।<br>(५) प्रदेश सेवाको पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।<br>(६) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-<br>(क) प्रदेश सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,<br>(ख) प्रदेश सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको | प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ अनुकूल बनाउन वाञ्छनीय भएको। |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | सेवाको पदमा वा अन्य प्रदेश सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा र<br>(ङ) प्रदेश निजामती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा। | विषयमा,<br>(ग) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, र<br>(घ) प्रदेश निजामती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।" | |
| ६. | दफा ८ | **प्रदेश आयोगको कार्यालयः** (१) प्रदेश आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आयोगको मुख्य कार्यालय वीरेन्द्रनगर सुर्खेतमा रहने छ र आवश्यकता अनुसार प्रदेशका अन्य स्थानमा कार्यालय स्थापना गर्न सकिनेछ।<br>(२) प्रदेश आयोग गठन हुँदाका बखत लोक सेवा आयोगका कायम रहेका कार्यालयबाट प्रदेश आयोगको कार्य सञ्चालन तथा व्यवस्थापन गर्न सहयोग लिन सकिने छ।<br>(३) प्रदेश आयोगको संगठन संरचना र कर्मचारीको दरवन्दी आयोगको सिफारिसलाई आधार लिई प्रदेश सरकारले स्वीकृत गरेबमोजिम हुनेछ। | **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को,-<br>(१) उपदफा (१) मा रहेका "प्रदेश आयोगको" भन्ने शब्दहरुको सट्टा "आयोगको" भन्ने शब्द राखिएको छ।<br>(२) उपदफा (२) को ठाउँ ठाउँमा रहेका "प्रदेश आयोग" भन्ने शब्दहरुको सट्टा "आयोग" भन्ने शब्द राखिएको छ।<br>(३) उपदफा (३) मा रहेका "प्रदेश आयोगको" भन्ने शब्दहरुको सट्टा "आयोगको" भन्ने शब्द राखिएको छ। | परिभाषा खण्डमा आयोगको परिभाषा गरिसकिएकोले प्रदेश शब्द राखिरहन आवश्यक नभएको। |
| ७. | दफा ९ को उपदफा (२) | (२) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ। | **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-<br>"(२) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा आयोगको वरिष्ठतम् सदस्यले बैठकको अध्यक्षता गर्नेछ।" | अध्यक्षको अनुपस्थितिमा समेत बैठक सञ्चालनको व्यवस्था गर्नुपर्ने भएको। |
| ८. | दफा ११ | **कार्यवाहक भई काम गर्नेः** कुनै कारणले अध्यक्षको पद रिक्त भएमा, निज विदा | **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ मा रहेका | संविधानको व्यवस्था लोक |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | बसेमा, संविधानको धारा १०१ को उपधारा (६) बमोजिमको अवस्था परी निजले कार्यसम्पादन गर्न नपाउने भएमा वा अन्य कुनै कारणले निज आयोगमा अनुपस्थित रहेको अवस्थामा आयोगको वरिष्ठतम् सदस्यले आयोगको कार्यवाहक अध्यक्ष भई काम गर्नेछ। | "संविधानको धारा १०१ को उपधारा (६) बमोजिमको अवस्था परी निजले कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरुको सट्टा "दफा ४ को उपदफा (२) बमोजिम निज विरुद्ध आरोपको प्रस्ताव पेश भई सोही दफाको उपदफा (६) बमोजिम प्रदेश सभाबाट निर्णय नभएसम्म" भन्ने शब्दहरु राखिएका छन्। | सेवा आयोगका पदाधिकारीहको लागि भएको हुँदा त्रुटि सच्याउन आवश्यक भएको। |
| ९. | दफा १३ को उपदफा (१) | (१) प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, अन्य प्रदेश सरकारी सेवा, स्थानीय सरकारी सेवा र सङ्गठित संस्थामा पूर्ति गरिने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सम्बन्धित सेवा, शर्त सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ। | <u>**मूल ऐनको दफा १३ मा संशोधनः**</u> मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेका "प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, अन्य प्रदेश सरकारी सेवा, स्थानीय सरकारी सेवा र सङ्गठित संस्थामा" भन्ने शब्दहरुको सट्टा "प्रदेश सेवामा" भन्ने शब्दहरु राखिएका छन्। | कानून तर्जुमागत रुपमा मिलाउनु पर्ने भएको। |
| १०. | दफा १४ | <u>**पाठ्यक्रम निर्माण र परीक्षण विधि**</u> (१) प्रदेश निजामती सेवाको रिक्त पदपूर्ति गर्नको लागि आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि, नतिजा प्रकाशन र तत्सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरी सार्वजनिक गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम लिखित परीक्षाको पाठ्यक्रम, अंकभार, उत्तीर्णाङ्क, परीक्षण विधि, नतिजा प्रकाशन र तत्सम्बन्धी अन्य व्यवस्था निर्धारण गर्दा आयोगले सम्बन्धित प्रदेश मन्त्रालय, सचिवालय, स्थानीय तह र सम्बन्धित विषयको शैक्षिक संस्था तथा विशेषज्ञसँग परामर्श लिन सक्नेछ।<br>(३) उपदफा (१) र (२) बमोजिम पाठ्यक्रम निर्माणका लागि आयोगले पाठ्यक्रम निर्धारण समिति गठन गर्न सक्नेछ।<br>(४) यस दफाबमोजिम पाठ्यक्रम स्वीकृत गर्दा सेवा सञ्चालन गर्ने सम्बन्धित मन्त्रालय, सचिवालय, स्थानीय तहको प्रतिक्रिया लिनु पर्नेछ।<br>(५) यस दफा बमोजिम पाठ्यक्रम निर्माण गर्दा आवश्यकता अनुसार सम्बन्धित पदको कार्य विवरण र शैक्षिक योग्यता समेतलाई आधार लिई पाठ्यक्रम लागू हुने मिति, प्रत्येक विषयको पूर्णाङ्क, | <u>**मूल ऐनको दफा १४ मा संशोधनः**</u> मूल ऐनको दफा १४ को,-<br>(१) उपदफा (१) मा रहेका "प्रदेश निजामती सेवा" भन्ने शब्दहरुको सट्टा “प्रदेश सेवा” भन्ने शब्दहरु राखिएका छन्।<br>(२) उपदफा (३) मा रहेको "आयोगले" भन्ने शब्द पछि “तोकिए बमोजिम” भन्ने शब्दहरु थपिएका छन्।<br>(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-<br>"(६) पाठ्यक्रम निर्माण र परीक्षण सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।" | प्रदेश सेवाका सम्पूर्ण पदको परीक्षा आयोगले लिने व्यवस्था गर्नुपर्ने भएको, समिति गठन सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावली मार्फत सम्बोधन गर्न उपयुक्त हुने भएको र पाठ्यक्रम निर्माण र परीक्षण सम्वन्धी व्यवस्था नियमावलीमा राख्न आवस्यक भएको। |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | उत्तीर्णाङ्क, परीक्षा प्रणाली, परीक्षाको माध्यम भाषा, प्रश्नको अंकभार र समय समेतका कुराहरू समावेश गर्नु पर्नेछ। | | |
| ११. | दफा १५ | <u>उम्मेदवार छनौट गर्ने तरिकाः</u> (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्दा पदको कार्य प्रकृतिको अनुसार आयोगले देहायको कुनै एक वा एकभन्दा बढी परीक्षाको तरिका अपनाउन सक्नेछः–<br>(क) लिखित परीक्षा,<br>(ख) प्रयोगात्मक परीक्षा,<br>(ग) सीप परीक्षण,<br>(घ) अन्तर्वार्ता र<br>(ङ) आयोगले समय समयमा तोकेका अन्य तरिका।<br>(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ। | <u>मूल ऐनको दफा १५ मा संशोधनः</u> मूल ऐनको दफा १५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) प्रदेश सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्दा लिखित परीक्षाको अतिरिक्त पदको कार्य प्रकृति बमोजिम आयोगले देहायको कुनै एक वा एकभन्दा बढी परीक्षाको तरिका अपनाउन सक्नेछः–<br>(क) प्रयोगात्मक परीक्षा,<br>(ख) सीप परीक्षण,<br>(ग) अन्तर्वार्ता, र<br>(घ) आयोगले समय समयमा तोकेका अन्य तरिका।" | लिखित परीक्षालाई अनिवार्य गर्नुपर्ने भएको। |
| १२. | दफा १७ | <u>पदपूर्तिको मागः</u> (१) प्रदेश निजामती सेवाको रिक्त पदपूर्तिको लागि सम्बन्धित निकायले आयोगले निर्धारण गरेबमोजिमको माग फाराममा सम्बन्धित सेवा, समूह, उपसमूह, श्रेणी वा तह, पदसंख्या, कार्यविवरण र न्यूनतम योग्यता समेत उल्लेख गरी आयोगमा पठाउनु पर्नेछ।<br>(२) पदपूर्तिको माग सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ। | <u>मूल ऐनको दफा १७ मा संशोधनः</u> मूल ऐनको दफा १७ को,-<br>(१) उपदफा (१) मा रहेका "प्रदेश निजामती सेवाको" भन्ने शब्दहरुको सट्टा "प्रदेश सेवाको" भन्ने शब्दहरु राखिएका छन्।<br>(२) उपदफा (२) मा रहेका "आयोगले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरुको सट्टा "तोकिए बमोजिम" भन्ने शब्दहरु राखिएका छन्। | प्रदेश सेवाका सम्पूर्ण पदको पदपूर्तिको माग गर्नुपर्ने भएको र पदपूर्तिको माग सम्वन्धी अन्य व्यवस्था नियमावलीमा नै राख्न उपयुक्त हुने भएको। |
| १३. | दफा २७ | <u>प्रश्न निर्माणः</u> (१) आयोगले सञ्चालन गर्ने परीक्षाको लागि आवश्यक पर्ने प्रश्न निर्माण र परिमार्जन आयोगले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।<br>(२) उपदफा (१) बमोजिम प्रश्न निर्माण गर्ने विषय विज्ञको योग्यता, निजले पालन गर्नु पर्ने शर्त एवं अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ।<br>(३) आयोगले परीक्षाको लागि प्रश्नको निर्माण | <u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको दफा २७ को,-<br>(१) उपदफा (६) झिकिएको छ।<br>(२) उपदफा (९) पछि देहायको उपदफा (१०) थपिएको छः-<br>"(१०) प्रश्नपत्र निर्माण सम्बन्धी अन्य व्यवस्था तोकिए | विषयगत प्रश्नको सम्बन्धमा मात्र उल्लेख भएको वस्तुगतको उल्लेख नभएकोले दुवै व्यवस्था नियमावलीमा |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | गर्दा सम्बन्धित विषयका दक्ष वा विशेषज्ञद्वारा गराउनु पर्नेछ।<br>(४) उपदफा (३) बमोजिम प्रश्नको निर्माण गर्ने दक्ष वा विशेषज्ञलाई सम्बन्धित विषयको पाठ्यक्रम, नमूना प्रश्न, प्रश्न निर्माणसम्बन्धी अन्य आवश्यक विवरणसमेत गोप्य रूपले उपलब्ध गराउनु पर्नेछ।<br>(५) पाठ्यक्रमले निर्धारण गरेको प्रश्न र अंकभार अनुरूप सम्भव भएसम्म सम्बन्धित क्षेत्रका दक्ष वा विशेषज्ञद्वारा शैक्षिक योग्यता र पदको स्तरअनुसार निर्माण गर्नु पर्नेछ।<br>(६) उपदफा (५) बमोजिम प्रश्नपत्र निर्माण गर्दा देहायमा उल्लेख भए बमोजिमका प्रश्नहरू राख्न सकिने छः–<br>(क) प्रश्नको जवाफमा परीक्षार्थीहरूले आफ्ना विचारहरू व्याख्यात्मक रूपमा अभिव्यक्त गर्न पाउने किसिमका वर्णनात्मक प्रश्न,<br>(ख) परीक्षार्थीहरूले दुई धारणाको तुलना गर्दै आफ्नो जवाफ प्रस्तुत गर्नुपर्ने किसिमका तुलनात्मक प्रश्न,<br>(ग) कुनै कुराको पक्ष वा विपक्षमा आफ्नो विचार अभिव्यक्त गरी कारण र पुष्ट्याँइ दिनुपर्ने किसिमका प्रश्न,<br>(घ) प्रश्नको जवाफमा परीक्षार्थीहरूले आफ्नो निजी धारणा प्रस्तुत गर्ने अवसर दिई स्वतन्त्र विचार अभिव्यक्त गर्नुपर्ने किसिमका प्रश्न,<br>(ङ) कुनै घटना र वास्तविकतालाई पुष्टि गर्नको लागि कारण र असर उल्लेख गर्नुपर्ने किसिमका प्रश्न,<br>(च) परीक्षार्थीको बुझाई एवं प्रयोग गर्ने क्षमतालाई जाँच्न छोटो उत्तर आउने किसिमका प्रश्न, र<br>(छ) समस्या समाधानसम्बन्धी प्रश्न।<br>(७) आयोगले प्रत्येक विषयको प्रश्न निर्माण गर्दा अलग–अलग विज्ञबाट कम्तीमा पाँच सेट तयार गराउनु पर्नेछ।<br>(८) आयोगको वार्षिक कार्यतालिका अनुसार रिक्त पदको माग प्राप्त हुने समय र प्रश्नपत्र भण्डारमा मौज्दातको अवस्था समेतलाई दृष्टिगत गरी प्रश्न निर्माण गराउनु पर्नेछ।<br>(९) प्रश्नपत्र निर्माण गर्दा सम्भव भएसम्म सबै | बमोजिम हुनेछ।" | राख्नु उपयुक्त हुने भएको र प्रश्नपत्र निर्माण सम्वन्धी अन्य व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने भएको। |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | पाठ्यांश (खण्ड,समूह, उपसमूह) बाट प्रश्न समावेश गरी पाठ्यक्रममा निर्धारित समयभित्र उम्मेदवारले उत्तर लेख्न सक्ने किसिमको हुनु पर्नेछ। | | |
| १४. | दफा ३९ को उपदफा (३) | (३) लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले एक महिनाभित्र सिफारिस गरिसक्ने गरी अन्तर्वार्ता कार्यक्रम तोक्नु पर्नेछ। | <u>मूल ऐनको दफा ३९ मा संशोधनः</u> मूल ऐनको दफा ३९ को उपदफा (३) मा रहेका "एक महिना" भन्ने शब्दहरूको सट्टा "दुई महिना" भन्ने शब्दहरु राखिएका छन्। | समय अपुग हुने भएकोले। |
| १५. | दफा ४२ | <u>अन्तर्वार्ताको मूल्याङ्कन सम्बन्धी व्यवस्थाः</u> (१) अन्तर्वार्तामा उम्मेदवारको मूल्याङ्कन गर्नको लागि आयोगले निर्धारण गरेबमोजिमको फाराम प्रयोग गर्नु पर्नेछ।<br>(२) अन्तर्वार्ताको अङ्कभार लिखित परीक्षाको कुल पूर्णाङ्कको बढीमा पन्ध्र प्रतिशत हुनेछ।<br>(३) अन्तर्वार्ता समितिको अध्यक्ष वा सदस्यको अन्तर्वार्तामा भाग लिने कुनै उम्मेदवारसँग नजिकको नाता भएमा अन्तर्वार्ता समितिको त्यस्तो अध्यक्ष वा सदस्यले उक्त विज्ञापनको अन्तर्वार्तामा बस्न हुँदैन। नजिकको नाता भएको कुरा नतिजा प्रकाशन हुनु भन्दा अघि प्रमाणित भएमा सो अन्तर्वार्ताकर्ताले प्रदान गरेको अङ्क गणना गरिने छैन।<br>(४) अन्तर्वार्ता समितिको प्रत्येक सदस्यलाई अन्तर्वार्ता हुने पदको विवरण, पाठ्यक्रम र अन्तर्वार्तासम्बन्धी अन्य विवरण उपलब्ध गराउनु पर्नेछ।<br>(५) अन्तर्वार्तामा पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी वा पचास प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सो को कारण खुलाउनु पर्नेछ। यसरी कारण नखुलाई अधिकतम भन्दा बढी वा न्यूनतम भन्दा घटी अङ्क दिएकोमा बढीमा सत्तरी प्रतिशत र घटीमा पचास प्रतिशत अङ्क दिएको मानी गणना गर्नु पर्नेछ।<br>(६) अन्तर्वार्ता समितिको कुनै सदस्यले कारण खुलाई कुनै उम्मेदवारलाई उपदफा (५) बमोजिम सत्तरी प्रतिशतभन्दा बढी वा पचास प्रतिशतभन्दा घटी अङ्क प्रदान गरेको अवस्थामा पनि अन्तर्वार्ता समितिका पचास प्रतिशतभन्दा | <u>मूल ऐनको दफा ४२ मा संशोधनः</u> मूल ऐनको दफा ४२ को,-<br>(१) उपदफा (१) मा रहेका "आयोगले निर्धारण गरे बमोजिमको" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।<br>(२) उपदफा (२) मा रहेका "पन्ध्र प्रतिशत" भन्ने शब्दहरूको सट्टा "बीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।<br>(३) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-<br>"(६) अन्तर्वार्ता समितिको कुनै सदस्यले कारण खुलाई कुनै उम्मेदवारलाई उपदफा (५) बमोजिम सत्तरी प्रतिशत भन्दा बढी वा चालीस प्रतिशत भन्दा घटी अङ्क प्रदान गरेको अवस्थामा अन्तर्वार्ता समितिको पचास प्रतिशत भन्दा बढी सदस्यले कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ। त्यसरी कारण नखुलाएको अवस्थामा बढीमा सत्तरी प्रतिशत र घटीमा चालीस प्रतिशत अङ्क मानी गणना गरिनेछ।" | उपदफा (१) को सन्दर्भमा मूल्याङ्कन फारामको ढाँचा नियमावलीमा नै राख्न उपयुक्त हुने भएको, उपदफा (२) र (६) को सन्दर्भमा लोक सेवा आयोगको व्यवस्था सँग एकरुपता कायम गर्न आवश्यक भएको। |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ। अन्यथा बढीमा सत्तरी प्रतिशत र घटीमा पचास प्रतिशत नै अङ्क मानी गणना गरिनेछ। | | |
| १६. | दफा ४६ | **<u>योग्यताक्रमको सूची प्रकाशन गर्ने:</u>** (१) आयोगले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सभा सेवा, स्थानीय सेवा तथा प्रदेशका अन्य सरकारी सेवामा पदपूर्तिका लागि उम्मेदवारको छनौट सम्बन्धी परीक्षामा सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम, थर, बाबु, बाजेको नाम, ठेगाना र सिफारिस गरिएको निकायसमेत उल्लेख गरी योग्यताक्रम अनुसार खुला र समावेशी तर्फ समेतको अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम योग्यताक्रमको सूची तयार गर्दा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर भएमा देहायका आधारमा योग्यताक्रम कायम गरिनेछः-<br>(क) लिखित परीक्षा हुनेमा लिखित परीक्षाको प्राप्ताङ्कका आधारमा,<br>(ख) लिखित परीक्षा र प्रयोगात्मक परीक्षा हुनेमा खण्ड (क) बमोजिम योग्यताक्रम नछुट्टिएमा प्रयोगात्मक परीक्षाको प्राप्ताङ्कका आधारमा,<br>(ग) खण्ड (ख) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा अन्तर्वार्ताको प्राप्ताङ्कका आधारमा,<br>(घ) खण्ड (ग) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा सम्बन्धित पदको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त अङ्कको प्रतिशत वा ग्रेडिङ स्तरको आधारमा,<br>(ङ) खण्ड (घ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा विज्ञापन गरिएको पदभन्दा एक तह मुनिको पदमा बहाल रहेको व्यहोरा दरखास्त फाराममा उल्लेख गरेको भए त्यस्तो पदको ज्येष्ठताका आधारमा,<br>(च) खण्ड (ङ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा वा खण्ड (घ) बमोजिम योग्यताक्रम नछुट्टीएका उम्मेदवारको हकमा उमेरको ज्येष्ठताका आधारमा।<br>(३) उपदफा (२) मा उल्लिखित आधार | **<u>मूल ऐनको दफा ४६ मा संशोधन:</u>** मूल ऐनको दफा ४६ को,-<br>(१) उपदफा (१) मा रहेका "प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सभा सेवा, स्थानीय सेवा तथा प्रदेशका अन्य सरकारी सेवामा" भन्ने शब्दहरु को सट्टा "प्रदेश सेवामा" भन्ने शब्दहरु राखिएका छन्।<br>(२) उपदफा (६) मा रहेका "आयोगले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिम" भन्ने शब्दहरु राखिएका छन्। | कानून तर्जुमागत रुपमा मिलाउनुपर्ने भएको र थप व्यवस्था नियमावलीद्वारा व्यवस्थित गर्न उपयुक्त हुने भएको। |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा आयोगले निर्धारण गरेबमोजिम योग्यताक्रम कायम गरी अन्तिम नतिजा प्रकाशन गरिनेछ।<br>(४) उपदफा (३) बमोजिम अन्तिम नतिजा प्रकाशन गर्दा आयोगले लिएको समानस्तरको एकभन्दा बढी पदको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई दोहोरो नपर्ने गरी पहिले नतिजा प्रकाशन हुने एक पदमा मात्र सिफारिश गर्नु पर्नेछ।<br>(५) यस दफाबमोजिम आन्तरिक प्रतियोगिताको आधारमा हुने बढुवाको योग्यताक्रम सूची प्रकाशन गर्नु अगाडि कुनै उम्मेदवार उपर बढुवाको उम्मेदवार हुन नपाउने गरी विभागीय सजाय भएको आधिकारिक जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको नाम हटाई योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ।<br>(६) योग्यताक्रमको सूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ। | | |
| १७. | दफा ५० को उपदफा (२) | (२) आयोगले राजपत्र अनङ्कित पदको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्दा देहायका आधारमा गर्नुपर्नेछः-<br>(क) योग्यताक्रम अनुसार उम्मेदवारले रोजेको प्राथमिकताको कार्यालय, तर एकभन्दा बढी उम्मेदवारले एउटै कार्यालय रोजेको अवस्थामा पहिलो योग्यताक्रममा रहेको उम्मेदवारले प्राथमिकता पाउनेछ।<br>(ख) उम्मेदवारले रोजेको कार्यालय बाँकी नरहे वा कुनै पनि कार्यालय रोजेको नभएमा त्यस्ता उम्मेदवारलाई योग्यताक्रमानुसार घर पायकको कार्यालय। | <u>मूल ऐनको दफा ५० मा संशोधनः</u> मूल ऐनको दफा ५० को उपदफा (२) मा रहेका "राजपत्र अनङ्कित" भन्ने शब्दहरुको सट्टा "सहायक स्तर" भन्ने शब्दहरु राखिएका छन्। | प्रदेश सेवामा राजपत्र अनङ्कित पद नहुने भएको। |
| १८. | दफा ५३ को उपदफा (३) | (३) यस दफाबमोजिम अस्थायी नियुक्तिको लागि सिफारिस गर्दा बढीमा छ महिनासम्मको लागि सिफारिस गर्नुपर्नेछ। | <u>मूल ऐनको दफा ५३ मा संशोधनः</u> मूल ऐनको दफा ५३ को उपदफा (३) मा रहेका "बढीमा छ महिनासम्मको लागि" भन्ने शब्दहरुको सट्टा "बढीमा एक वर्षसम्मको लागि" भन्ने शब्दहरु राखिएका छन्। | प्रदेश लोक सेवा आयोगबाट हरेक वर्ष पदपूर्ति हुने भएकोले। |
| १९. | दफा ५४ | <u>विभागीय सजाय सम्बन्धमा आयोगको परामर्श</u> | <u>मूल ऐनको दफा ५४ मा संशोधनः</u> | प्रदेश प्रहरी |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | <u>लिदा अपनाउनु पर्ने कार्यविधिः</u> (१) प्रदेश निजामती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा आयोगको परामर्श लिंदा सेवा शर्तसम्बन्धी प्रचलित कानूनबमोजिम तोकिएको प्रक्रिया पूरा गरी सजाय गर्ने अधिकारीको निर्णय सहित सक्कलै फाइल आयोगमा पठाउनु पर्नेछ।<br>(२) विभागीय सजायको कारवाही गर्दा देहायबमोजिम गरेको हुनु पर्नेछः-<br>(क) विभागीय सजायको लागि सेवा, समूहसम्बन्धी प्रचलित कानून बमोजिम सजाय गर्न अधिकार प्राप्त अधिकारीले कसूर र सजाय प्रस्ताव गरेको,<br>(ख)सम्बन्धित कर्मचारीलाई लगाइएको अभियोग र सजाय कुन कानून अन्तर्गतको हो सो कुरा स्पष्ट खुलाएको,<br>(ग) सजाय प्रस्ताव गर्नुपूर्व सम्बन्धित कर्मचारीलाई आफ्नो सफाइ पेश गर्नको लागि सेवासम्बन्धी कानूनबमोजिम मौका दिएको,<br>(घ) अधिकार प्राप्त अधिकारीले सम्बन्धित कर्मचारीले दिएको सफाइ वा स्पष्टीकरण उपर यथोचित मूल्याङ्कन गरी सो सफाइ वा स्पष्टीकरणका बारेमा व्यक्त गरेको प्रतिक्रिया फाइल संलग्न रहेको,<br>(ङ) कुन कसुर वापत कुन सजाय गर्न खोजिएको हो कसुर खुलाई सजाय प्रस्ताव गरिएको, र<br>(च) सम्बन्धित अधिकृतको दस्तखत गरी कार्यालयको छापसमेत लगाई आयोगले निर्धारण गरेबमोजिमको फाराम फाइल संलग्न गरेको ।<br>(३) उपदफा (१) बमोजिम कुनै कर्मचारीलाई एक प्रकारको विभागीय सजाय गर्न आयोगमा परामर्श माग गरिएकोमा आयोगबाट सो विषयमा परामर्श उपलब्ध नहुँदै वा परामर्श उपलब्ध भएपछि सो कर्मचारीलाई प्रस्ताव गरिएको सजायमा परिवर्तन गर्ने गरी पुनः परामर्श माग गर्न सकिने छैन ।<br>(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कर्मचारीले काबू बाहिरको परिस्थिति परी अघि स्पष्टीकरण दिन नसकेको कारण देखाई निवेदन दिएमा वा अघि पेश गर्न नसकेको महत्वपूर्ण सबूत प्रमाण पछि पेश हुन आएको कारणबाट सजाय गर्ने अधिकारीलाई | मूल ऐनको दफा ५४ को,-<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सेवाको पदमा, नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिंदा सो सम्बन्धमा आयोगले जारी गरेको सिद्धान्त बमोजिम सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा सम्पर्क मन्त्रालय मार्फत माग गर्नु पर्नेछ।"<br>(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-<br>"(१क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा आयोगको परामर्श लिंदा सेवा शर्त सम्बन्धी प्रचलित कानूनमा तोकिएको प्रक्रिया पूरा गरी सजाय गर्ने अधिकारीको निर्णय सहित सक्कलै फाइल आयोगमा पठाउनु पर्नेछ।" | सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सेवाको पदमा, नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा समेत आयोगको परामर्श लिनुपर्ने व्यवस्था गर्न उपयुक्त हुने भएको र प्रदेश लोक सेवा आयोगले परामर्श दिंदा सक्कल कागजात समेत हेर्नु पर्ने भएको। |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | सजाय परिवर्तन गर्नु पर्छ भन्ने लागेमा सो को कारणसहित आफ्नो राय उल्लेख गरी पहिले प्रस्ताव गरेको सजाय परिवर्तन गर्न आयोगको पुनः परामर्श माग गर्न सकिनेछ। | | |
| २०. | दफा ५५ | <u>**सेवाको शर्तसम्बन्धी कानूनको विषयमा परामर्श माग गर्ने तरिकाः**</u> (१) प्रदेश निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिँदा सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा सचिवालयमार्फत परामर्श माग गर्नु पर्नेछ ।<br>(२) प्रदेश सेवाको शर्तसम्बन्धी कुनै नयाँ कानून बनाउन वा भइरहेको कानूनमा संशोधन गर्नु परेमा सो को कारण र आवश्यक विवरणसमेत खुलाई आयोगमा पठाउनुपर्नेछ।<br>(३) प्रदेश सेवाहरू गठन गर्न आयोगको परामर्श माग गर्दा सेवा गठनको उद्देश्य, त्यस्तो सेवा अन्तर्गतको समूह वा उपसमूह तथा श्रेणी÷तह विभाजन, नियुक्ति, बढुवा र सेवाका अन्य शर्तहरू तथा निजामती सेवा र नेपाल सरकारका अन्य सेवा अन्तर्गतको विभिन्न सेवासँग राख्नुपर्ने एकरूपता, समन्वय र सामञ्जस्यका कुराहरूसमेत स्पष्ट पारी आयोगमा पठाउनु पर्नेछ।<br>(४) उपदफा (२) र (३) बमोजिम परामर्श माग गर्दा आयोगसँग परामर्श माग गर्ने विषयको प्रदेश सरकार मन्त्रिपरिषदको निर्णय संलग्न गर्नु पर्नेछ।<br>(५) सेवा, शर्तसम्बन्धी कानूनको संशोधन भएका विषयमा परामर्श माग गर्दा तीन महले ढाँचा र पुरानो कानून खारेज गरी नयाँ कानून बनाउँदा सो को कारणसहितको विवरण समेत संलग्न हुनुपर्नेछ। | <u>**मूल ऐनको दफा ५५ मा संशोधनः**</u> मूल ऐनको दफा ५५ को,-<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>“(१) प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको शर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिंदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् लिनुपर्नेछ।”<br>(२) उपदफा (३) मा रहेका "नेपाल सरकारका" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकारका" भन्ने शब्दहरु राखिएका छन्।<br>(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-<br>"(६) प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको शर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिदा सो सम्बन्धमा आयोगले जारी गरेको सिद्धान्त बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत माग गर्नु पर्नेछ।" | उपदफा (१) को सन्दर्भमा प्रदेश निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिँदा सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा सचिवालय वा सम्बन्धित प्रदेश मन्त्रालय मार्फत परामर्श माग गर्न उपयुक्त हुने। उपदफा (३) को सन्दर्भमा कानून तर्जुमागत रुपमा मिलाउन आवश्यक भएको र उपदफा (६) को सन्दर्भमा परामर्श लिने सम्वन्धी व्यवस्थालाई थप स्पष्ट गर्नुपर्ने भएको। |
| २१. | दफा ५७ | <u>**आयोगले परामर्श दिनेः**</u> आयोगले यस ऐनबमोजिम परामर्श दिंदा यस परिच्छेदमा उल्लेख भएका प्रक्रियाहरू पूरा भएमा मात्र दिनेछ । | <u>**मूल ऐनको दफा ५७ मा संशोधनः**</u> मूल ऐनको दफा ५७ को सट्टा देहायको दफा ५७ राखिएको छः-<br>"५७. आयोगले परामर्श दिनेः (१) आयोगले यस ऐन बमोजिम | आवश्यकता अनुसार समान वा छुट्टाछुट्टै सिद्धान्त निर्धारण गर्नुपर्ने |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | परामर्श दिदा यस परिच्छेदमा उल्लेख भएको प्रक्रिया पूरा भएमा मात्र दिनेछ।<br>(२) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाका पदको सेवा शर्त सम्बन्धी कानूनको विषयमा तथा त्यस्तो निकाय, संस्थाका कर्मचारीलाई विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा परामर्श दिने प्रयोजनका लागि आयोगले सम्बन्धित निकाय र कर्मचारीको सेवाको प्रकृति अनुसार समान वा छुट्टा छुट्टै लागू हुने गरी सिद्धान्त निर्धारण गर्न सक्नेछ। | भएको। |
| २२. | दफा ६४ | <u>कसुर र सजायः</u> (१) कसैले देहायको कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा निजलाई देहाय बमोजिम सजाय हुनेछः-<br>(क) कुनै उम्मेदवारले कुनै परीक्षा केन्द्रमा हो हल्ला गरी परीक्षा सञ्चालनमा बाधा अवरोध पुर्याएमा वा तोकिएको परीक्षा सम्बन्धी शर्त र मर्यादाको उल्लंघन गरेमा त्यस्तो उम्मेदवारलाई केन्द्राध्यक्षले तत्काल परीक्षा केन्द्रबाट निष्काशन गरी आयोगले निजलाई आयोगद्वारा लिइने परीक्षामा एक वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।<br>(ख) कुनै परीक्षा केन्द्रमा कुनै पनि किसिमले चिट चोर्ने वा चोराउने, अर्काको नक्कल गर्ने वा गराउने, विद्युतीय उपकरणको प्रयोग गरी वा अन्य कुनै किसिमले परीक्षामा अनियमित काम गर्ने वा आयोगले तोकेको शर्तको उल्लङ्घन गर्ने उम्मेदवारलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा दुई वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।<br>(ग) कुनै परीक्षार्थीले निजको उत्तरपुस्तिका नबुझाई आफू साथ लिई गएमा वा आयोगले | <u>मूल ऐनको दफा ६४ मा संशोधनः</u> मूल ऐनको दफा ६४ को,-<br>(१) उपदफा (१) को खण्ड (छ) मा रहेका "एकलाख रुपैयाँसम्म जरिवानाका अतिरिक्त" भन्ने शब्दहरु झिकिएका छन्।<br>(२) उपदफा (३) मा रहेका "निजामती, सुरक्षा निकाय, अन्य प्रदेश सरकारी सेवा, स्थानीय सेवा वा सङ्गठित संस्थाका" भन्ने शब्दहरुको सट्टा "प्रदेश सेवा, प्रदेश प्रहरी सेवा, नेपाल सरकारको सेवा वा संविधानको धारा २४३ को उपधारा (२) बमोजिमको सङ्गठित संस्थाका" भन्ने शब्दहरु राखिएका छन्। | दण्ड जरिवानाको व्यवस्था संघीय कानून वमोजिम हुनपर्ने भएको र सबै सेवाका कर्मचारीहरुलाई कारवाहीको दायरामा ल्याउनुपर्ने भएको। |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | फिर्ता गर्नु पर्ने भनी तोकेका प्रश्नपत्र लिई गएमा वा कसैले त्यस्तो प्रश्नको प्रतिलिपि बनाई वा विद्युतीय उपकरणबाट सार्वजनिक गरेमा निजलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा तीन वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।<br>(घ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर कसैले प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा आयोगले आयोगद्वारा लिइने परीक्षामा निजलाई पाँच वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।<br>(ङ) कसैले आफ्नो सट्टा अर्को व्यक्तिलाई परीक्षा दिन लगाई छनौट भई अन्तर्वार्तामा सामेल भएको वा नियुक्ति नै लिई सकेको भए तापनि सो कुरा जुनसुकै बखत जानकारी हुन आएमा त्यस्तो व्यक्तिको सिफारिश वा नियुक्तिपत्र रद्द हुनेछ।<br>(च) खण्ड (ङ) बमोजिम अर्काको नामबाट परीक्षा दिने, दिलाउन लगाउने व्यक्तिलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा पाँच वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।<br>(छ) कसैले खण्ड (घ) बमोजिम परीक्षा केन्द्र नियन्त्रणमा लिएमा वा खण्ड (ङ) बमोजिम अर्काको नामबाट परीक्षा दिएमा त्यस्तो कसूर गर्ने र गर्न लगाउने व्यक्तिलाई एकलाख रुपैयाँसम्म जरिवानाका अतिरिक्त प्रचलित संघीय कानून बमोजिम सजाय हुन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्ति उम्मेदवार भई परीक्षा दिएको भएमा निजको उक्त विज्ञापन बमोजिमको सबै विषयको परीक्षा स्वतः रद्द हुनेछ।<br>(३) उपदफा (१) बमोजिमको कसूर कुनै निजामती, सुरक्षा निकाय, अन्य प्रदेश सरकारी सेवा, स्थानीय सेवा वा सङ्गठित संस्थाका कर्मचारीले गरेमा त्यस्तो कर्मचारीलाई थप विभागीय कारबाही गर्न आयोगले सम्बन्धित निकाय वा सङ्गठित संस्थामा लेखी पठाउन सक्नेछ।<br>(४) उपदफा (३) बमोजिम विभागीय | | |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | कारबाहीको लागि लेखी आएमा अख्तियारवालाले त्यस्तो कर्मचारीलाई तीन महिनाभित्र निजको सेवा शर्तसम्बन्धी कानून बमोजिम विभागीय कारबाही गरी सो को जानकारी आयोगलाई दिनु पर्नेछ। | | |
| २३. | दफा ६७ | <u>सुझाव दिन सक्ने:</u> आयोगको काम कारबाहीको सिलसिलामा वा आयोगले गरेको अध्ययन वा अनुसन्धानको आधारमा प्रदेश निजामती सेवा, स्थानीय सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्था र प्रदेश प्रहरी सेवाका कर्मचारीको सेवाको शर्त सम्बन्धीकानूनमा सुधार गर्न आवश्यक देखिएमा आयोगले सम्बन्धित निकायलाई सुझाव दिन सक्नेछ। | **<u>मूल ऐनको दफा ६७ मा संशोधन:</u>** मूल ऐनको दफा ६७ मा रहेका "स्थानीय सेवा" भन्ने शब्दहरुको सट्टा "स्थानीय सरकारी सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवा" भन्ने शब्दहरु राखिएका छन्। | थप स्पष्ट गर्नुपर्ने भएको। |
| २४. | दफा ६८ | **<u>संघीय लोक सेवा आयोगलाई अनुरोध गर्न सक्ने:</u>** आयोगले सञ्चालन गर्ने कुनै परीक्षा सञ्चालन गरिदिन आयोगको सिफारिसमा प्रदेश सरकारले नेपाल सरकार मार्फत संघीय लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेछ। | **<u>मूल ऐनको दफा ६८ मा संशोधन:</u>** मूल ऐनको दफा ६८ को ठाउँ ठाउँमा रहेको "संघीय" भन्ने शब्द झिकिएको छ। | संघीय शब्द हटाउनुपर्ने भएको। |
| २५. | दफा ६९ | <u>राय परामर्श लिन सक्ने:</u> (१) आयोगले आफ्नो काम कर्तव्यको सम्बन्धमा प्रदेश सरकारको कुनै मन्त्रालय, कार्यालय वा सङ्गठित संस्थासँग परामर्श गर्न वा राय लिन सक्नेछ।<br>(२) आयोगले आफ्नो काम कारबाहीसँग सम्बन्धित कानूनी प्रश्नको सम्बन्धमा अनुसार मुख्य न्यायाधिवक्ताको राय लिन सक्नेछ।<br><u>प्रतिरक्षा:</u> आयोगले आफ्नो तर्फबाट कुनै अड्डा अदालतमा निवेदन दिन वा मुद्दा चलाउन वा त्यसको लागि आवश्यक लिखत तयार गर्न र प्रतिरक्षा गर्न वा आयोग विरूद्ध कसैले कुनै कानूनी कारबाही चलाएमा वा मुद्दा दायर गरेमा लिखित जवाफ वा प्रत्युत्तर दिन वा प्रतिरक्षा गर्न आयोगले मुख्य न्यायाधिवक्ताको परामर्शमा कानून सेवा लिन सक्नेछ। | **<u>मूल ऐनको दफा ६९ मा संशोधन:</u>** मूल ऐनको दफा ६९ को सट्टा देहायको दफा ६९ राखिएको छः-<br>"६९. **<u>राय तथा सुझाव लिन सक्ने:</u>** (१) आयोगले आफ्नो काम कारबाही सञ्चालनका सम्बन्धमा प्रदेश सरकारको मन्त्रालय वा निकाय, प्रदेश सङ्गठित संस्था, स्थानीय तह तथा स्थानीय तहको सङ्गठित संस्थासँग राय तथा सुझाव लिन सक्नेछ।<br>(२) आयोगले आफ्नो काम कारबाहीसँग सम्बन्धित कानूनी प्रश्नको सम्बन्धमा मुख्य न्यायाधिवक्ताको राय लिन सक्नेछ।" | थप स्पष्ट गर्न आवश्यक भएको। |
| २६. | दफा ६९क | हाल व्यवस्था नभएको | **<u>मूल ऐनमा दफा ६९क. थप:</u>** मूल ऐनमा दफा ६९ पछि देहायको दफा ६९क. थपिएको छः-<br>"**६९क. <u>प्रतिरक्षा:</u>** आयोगले आफ्नो तर्फबाट कुनै अड्डा अदालतमा मुद्दा चलाउन वा निवेदन दिन वा त्यसको लागि आवश्यक लिखत | कानून तर्जुमागत रुपमा मिलाउन आवश्यक भएको। |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | तयार गर्न, प्रतिरक्षा गर्न वा आयोग विरूद्ध कसैले कुनै कानूनी कारबाही चलाएमा वा मुद्दा दायर गरेमा लिखित जवाफ वा प्रतिउत्तर दिन वा प्रतिरक्षा गर्न आयोगले मुख्य न्यायाधिवक्तालाई लेखी पठाउन सक्नेछ। त्यसरी लेखी आएमा मुख्य न्यायाधिवक्ताले आवश्यक सहयोग र प्रतिरक्षा गर्नेछ।" | |
| २७. | दफा ७२ | <u>रद्द गर्न सक्नेः</u> (१) आयोगले लिएको परीक्षामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका परीक्षण वा प्रयोगात्मक परीक्षा सम्बन्धी काममा संलग्न भएको दक्ष, विशेषज्ञ वा कर्मचारीको नातेदार त्यस्तो परीक्षामा उम्मेदवार रहेको भए सो को जानकारी आयोगलाई त्यस्तो काममा संलग्न हुनु अगाडि जानकारी गराउनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम सगोलको नातेदार उम्मेदवार रहेको कुरा जानकारी नगराई त्यस्तो काममा संलग्न भई त्यस्तो उम्मेदवार सो परीक्षामा सफल भएको देखिएमा आयोगले निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्न सक्नेछ र निजले नियुक्ति पाइसकेको भए प्रचलित कानून बमोजिम नियुक्ति बदर गर्न सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ। | <u>मूल ऐनको दफा ७२ मा संशोधनः</u> मूल ऐनको दफा ७२ को,-<br>(१) उपदफा (१) मा रहेका "दक्ष, विशेषज्ञ वा कर्मचारीको नातेदार" भन्ने शब्दहरुको सट्टा "दक्ष, विज्ञ, विशेषज्ञ वा कर्मचारीको नजिकको नातेदार" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "हुनु अगाडी" भन्ने शब्दहरु पछि रहेको "जानकारी" भन्ने शब्द झिकिएको छ।<br>(२) उपदफा (२) मा रहेको "सगोलको" भन्ने शब्दको सट्टा "नजिकको" भन्ने शब्द राखिएको छ। | भाषागत रुपमा मिलाउनुपर्ने भएको र नजिकको राख्न उपयुक्त हुने भएको। |
| २८. | दफा ८० | <u>अधिकार प्रत्यायोजनः</u> (१) आयोगले यस ऐन बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, सदस्य वा आयोगको कुनै कार्यालय वा आयोगको वा प्रदेश सरकारको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन गर्दा त्यस्तो अधिकारको प्रयोग र पालना सम्बन्धी शर्त निर्धारण गर्नु पर्नेछ।<br>(३) आयोगले सञ्चालन गर्ने परीक्षा मध्ये खास प्रकारका परीक्षा सञ्चालन गर्न सम्बन्धित संस्था वा निकायलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।<br>(४) उपदफा (३) बमोजिम प्रत्यायोजित | <u>मूल ऐनको दफा ८० मा संशोधनः</u> मूल ऐनको दफा ८० को,-<br>"(१) उपदफा (१) मा रहेका "प्रदेश सरकारको" भन्ने शब्दहरु पछि "अधिकृत स्तरको" भन्ने शब्दहरु थपिएका छन्।<br>(२) उपदफा (३) मा रहेका "परीक्षा मध्ये" भन्ने शब्दहरु पछि "लिखित परीक्षा र अन्तर्वार्ता बाहेकका शारीरिक तन्दुरुस्ती परीक्षण, स्वास्थ्य परीक्षण लगायतका" भन्ने शब्दहरु थपिएका छन्। | थप स्पष्ट गर्न आवश्यक भएको। |

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | अधिकार प्रयोग गर्दा त्यस्तो संस्था वा निकायले प्रचलित कानूनका अधिनमा रही आयोग वा लोक सेवा आयोगले अवलम्वन गरेका सिद्धान्त, कार्यविधि र मापदण्डलाई आधार लिनु पर्नेछ।<br>(५) यस दफा बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ। | | |
| २९. | दफा ८२क. र ८२ख. थप | हाल व्यवस्था नभएको | **मूल ऐनमा दफा ८२क. र ८२ख. थपः** मूल ऐनको दफा ८२ पछि देहायका दफा ८२क. र ८२ख. थपिएका छन्ः-<br>"८२क. **थप सुविधा दिन सक्नेः** आयोगका पदाधिकारी वा कर्मचारीलाई कार्यालय समयभन्दा अघिपछि आयोगको काममा लगाउनु परेमा वा अन्य कुनै व्यक्तिलाई आयोगसँग सम्बन्धित कुनै विशेष काममा लगाउनु परेमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रदेश सरकारले स्वीकृत गरे बमोजिमको सुविधा दिन सकिनेछ।<br>८२ख. **स्वीकृति लिनु नपर्नेः** प्रदेश सरकारले आयोगको लागि बजेटमा छुट्याएको विविध शीर्षक अन्तर्गतको रकम खर्च गर्नु पर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्ने छैन र आयोगले त्यस्तो रकम प्रचलित कानून बमोजिम खर्च गर्न सक्नेछ।" | लोक सेवा आयोगको व्यवस्थासंग एकरुपता ल्याउनुपर्ने भएको। |
| ३०. | अनुसूची | हाल व्यवस्था नभएको। | **मूल ऐनमा अनुसूची थपः** मूल ऐनको अन्तमा यसैसाथ संलग्न अनुसूची थपिएको छ। | ऐनमा सपथको व्यवस्था थप गर्नु पर्ने भएकोले। |